देवघाट गाउँपालिका

गाउँ सभा

चौधौं अधिवेशन

आर्थिक वर्ष २०८१/०८२ का लागि

नीति तथा कार्यक्रम

मितिः २०८१/०३/०४

<u>प्रस्तुतकर्ता</u>

श्री तिल बहादुर थापा

गाउँपालिका अध्यक्ष

देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

आदरणीय सभा अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

देवघाट गाउँपालिकाको **चौधौं** गरिमामय सभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरीरहदा देवघाट गाउँपालिकाको समुन्नतिका लागि एक पाइलो अघि बढेको महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण राजनीतिक दल, नागरिक समाजका अगुवाहरू, टोल विकास संस्था, सरकारी तथा गैरसरकारी संस्थाहरू, पूर्व जनप्रतिनिधिहरू लगायत सबै प्रति हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन र लोकतन्त्र प्राप्तीको क्रममा भएको ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात तथा अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका बासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु र समाजका अत्यावश्यक समस्याहरू पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गरेका छौ । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै नागरिकको आधारभूत आवश्यकताहरू पूरा गर्ने उद्देश्यका साथ गुणस्तरीय पूर्वाधार निर्माण लागायत कृषिमा आत्मनिर्भर बन्दै आयआर्जन बृद्धि गर्न स्वरोजगार कार्यक्रमलाइ प्राथमिकता दिन स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी र दिगो स्थानीय आर्थिक विकास मार्फत समुन्नत देवघाट गाउँपालिकाको लक्ष्य हासिल गर्ने सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीको विकास गर्नु वर्तमानको आवश्यकता एवम् अपरीहार्यता हो ।
गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमिहीन अव्यवस्थित बसोवासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर देवघाट, धार्मिक कोणबाट पर्यटकीय क्षेत्रको विकास लगायत देवघाट गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा बस्ती विकाससँग सम्बन्धित नीति तथा कार्यक्रमलाई प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छु ।

क. विद्यमान परिवेश, राजनितिक, आर्थिक, सामाजिक, प्रशासनिक आदिः

विश्वको अर्थतन्त्रमा आएको वित्तीय संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । जसको फलस्वरुप संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा असर पुगेको महशुश गरेको छु ।

नेपालले जनसांख्यिकी लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा स्तरोन्नति हुँदै गर्दा प्रत्येक दिन हजारौ युवाहरु रोजगारीको खोजीमा नेपाल छाडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ। आन्तरिक र बाह्य बसाईसराइका कारण नेपालका गाउँघरहरु सुनसान बस्तीका रुपमा रुपान्तरण हुन पुगेका छन् । खेतीयोग्य जमिन बाँझो जमिनमा परिणत हुन पुगेको छ । यस सन्दर्भमा युवालाई देशमा स्वरोजगारको अवसर सृजना गरी गाउँघरमा बसौ बसौ बनाउन **गाउँघरमा रोजगारः समृद्धिको आधार** का लागि हामी लागी परेका छौ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई बलियो बनाउन एकीकृत सामाजिक क्रियाकलाप मार्फत कृषि, शिक्षा र स्वास्थ्यलाई जोड्दै रोजगारका अवसरहरू सिर्जना गर्ने र अर्थतन्त्रलाई आत्म निर्भर बनाउने र त्यसका लागि आधारभूत आवश्यक पूर्वाधारहरूको स्तरोन्नति गर्दै दिगो आर्थिक विकास गरी समुन्नत देवघाट बनाउने लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमहरुलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा दिलाउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउन गाउँपालिका सदा तत्पर रहेको छ।

ख. विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर तथा चुनौतीहरुः

विद्यमान अवसरहरुः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छन्।

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा तथा योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु,
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक, धार्मिक विविधताका कारण पर्यटनको अधिक सम्भावना रहनु।
५. सबै वडाका सबै टोल सडक पूर्वाधारको पहुँच हुनु।
६. गाउँपालिकाका सबै भूगोलहरूमा कृषिजन्य उत्पादनको प्रचुर सम्भावना रहनु।
७. घरहरुको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढ्नु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।
८. कृषि तथा पशुजन्य क्षेत्रलाई पकेट क्षेत्र तथा जोन क्षेत्रको रुपमा विकास तथा विस्तार गर्ने उच्च सम्भावना हुनु।
९. धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको लागि उच्च सम्भावना रहनु।
१०. सबै वस्तिहरूमा ग्रामिण विद्युतीकरण हुदै जानु।

विद्यमान चुनौतीहरुः

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन्।

१. रोजगार उन्मुख सीपमूलक, व्यावसायिक उद्यम विकास गर्नु।

२. आत्मनिर्भर कृषि विकास सम्बन्धी योजना ल्याउनु।

३. वैदेशिक रोजगारबाट फर्केका सीपयुक्त जनशक्तिको सीप, अनुभव तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

४. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।

५. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

६. सञ्चार सेवा प्रदायक संस्थाहरुबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु।

७. प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गरी अवलम्बन गरी राजश्व संकलनमा अभिबृद्धि गर्नु।

८. विभिन्न महामारीहरूसंग समयमै परिचित हुन सचेत हुनु।

९. जीवन उपयोगी व्यवसायिक शिक्षा प्रदान गर्नु ।

१०. अनुशासित र मर्यादित समाजको निर्माण गर्नु।

ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु, संविधान, प्रचलित कानूनी व्यवस्था, संघीय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्य एवम अनुभव तथा सिकाई आदिः

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६ औं आवधिक योजनाको आधारपत्र विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले संघीय सरकारको आवधिक योजना कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

दिगो विकास निर्माणको कार्यमा गाउँपालिका क्षेत्रभित्रका आमनागरिकहरु, उद्यमी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारीहरुको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्टता सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानूनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरीकहरुले साथ सहयोग, सुझाव दिने जनसहभगिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको ईतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) का आधारमा छिटो छरितो एवं चुस्तदुरूस्त सांगठनिक संरचना मार्फत प्रशासनिक तथा चालु खर्च मितव्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समुन्नत, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व र सुनिश्चित गर्नका लागि सहभगिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिइनेछ।

चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण तथा भौतिक उपलब्धिहरुः

पूर्वाधार विकास तथा सडक यातायात तर्फ

यस गाउँपालिकामा चालू आ.व. २०८०/०८१ मा ११६ वटा आयोजना उपभोक्ता समितिबाट र २६ वटा ठेक्काबाट गरी जम्मा १४२ (गा.पा. स्तरीय योजना ४१ र वडा स्तरीय योजना १०१) वटा आयोजना सम्पन्न भएका छन भने अन्य काम हुँदै रहेका छन। गाउँपालिका अन्तर्गत रहेका वडा नं. २,३,४ र ५ का वडा कार्यालय भवन सम्पन्न भएको र वडा नं. १ र गाउँपालिका प्रशासकीय भवन सम्पन्न हुने अन्तिम चरणमा रहेका छन्। साथै देवघाट आधारभुत अस्पताल (१० शैया) पहिलो ढलान सम्पन्न भई थप कार्य भई रहेको छ । गाउँपालिका स्तरीय बजेटबाट बाटो कालोपत्रे कार्यको सुरुवात गरिएको छ । गाउँपालिका अन्तर्गत रहेको सिंच्याङ्ग र वैदी स्वास्थ्य चौकीमा थप पूर्वाधार निर्माण, खानेपानी व्यवस्थापन तथा मर्मत कार्य सम्पन्न गरिएको छ। गाउँपालिका भित्र १० कि.मि. नयाँ ट्र्याक निर्माण र २३० कि.मि. सडक मर्मत संभार गरी यातायात सञ्चालन गरिएको छ। गाउँपालिकाका सबै वडा गरी जम्मा ११ वटा नयाँ आर.सि.सि. खानेपानी ट्यांकी निर्माण गरी खानेपानीको पहुँचमा वृद्धि गरिएको छ। चालु आ.व. मा ३ वटा झोलुङ्गे पुल (रिस्ती खोला, देउती खोला र चाँप खोला) को निर्माण कार्य सम्पन्न गरिएको छ। वडा नं. ५ मा ज्येष्ठ नागरिक विश्रान्ती गृह निर्माणको लागि डि.पि.आर. तयार भई शिलान्यास गरिएको तथा जग्गा संरक्षण कार्य भईरहेको छ । सडक निर्माणका क्रममा अवरुद्ध भएका खानेपानी तथा विविध संरचनाहरु पुन निर्माण गरी संचालन योग्य बनाईएका छन । बाटोको छेउ तथा बिचमा रहेका तथा जीर्ण भएका विद्युतीय पोलहरुको व्यवस्थापन गरिएका छन । गाउँपालिका अन्तर्गत थप ५ वटा विद्यालय भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

- घिनाटार देखि टाउनचोक सम्म मोटरबाटो कालोपत्रेको कार्य अन्तिम चरणमा रहेको।
- छिपछिपे भञ्ज्याङ बजार व्यवस्थापनका लागि सडक स्तरोन्नति गर्न ग्यावियन जाली लगाई बाटो बिस्तार गरिएको।
- देवघाट धामको वेणी संगममा सार्वजनिक शौचालय निर्माण गरिएको।
- पिपलटार देखि मधुवन चोकसम्म र भुवनटारमा सडक कालोपत्रे गर्न कार्य अघि बढेको।
- हर्दी पुलदेखि वेणी संगम हुदै दासढुंगासम्मको पदमार्ग पहिलो चरणको निर्माण।

- देवघाट ४ काफलडाँडामा सुन्तला नर्सरी स्थापनाका लागि कृषि टनेल निर्माण गरिएको छ।
- चालु आ.व. मा पालिकाको अनुगमन समितिबाट २२ पटकको अनुगमनमा ९९ वटा योजनाको अनुगमन गरि ६ वटा योजनाको कार्यान्वयनमा सुधारका लागि सुझाव दिईएकोमा सबै सुझाव कार्यान्वयन भएको।
- हर्दी र ठिमुरामा पक्की मोटरेवल पुल सम्पन्न भइ सञ्चालनमा रहेका छन्।

सिंचाई तर्फ

गाउँपालिकाका विभिन्न वडामा साना सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ। वडा नं. १ मा १ वटा, वडा नं. २ को खाल्टे फाँटमा ३ वटा, वडा नं. ३ मा १ वटा र वडा नं. ५ मा ४ वटा गरी जम्मा ९ वटा सिंचाई योजना सम्पन्न गरिएको छ। करिब २५०० मिटर पक्की सिचाई कुलो निर्माण भएको छ। सोलार प्रणालीबाट सञ्चालनमा रहेका २ वटा लिफ्टिङ्ग खानेपानी योजनामा समस्या आएको कारण उक्त लिफ्टिङ्ग योजनालाई विद्युतीय माध्यमबाट ए.सि. प्रणालीद्वारा जडान गरी सञ्चालन गरिएको छ। वडा नं. ५ मा ३ वटा डिपबोरिङ सम्पन्न हुने चरणमा छन् र वडा नं. ५ को झारखानीमा लिफ्टिङ सिंचाई निर्माणाधिन अवस्थामा रहेका छन्।

भूमि व्यवस्थापन तर्फ

भूमि व्यवस्थापन अन्तर्गत वडा नं. १,२,३,४ र ५ का जम्मा भूमिहीन तथा अव्यवस्थित बसोबासीको १५३ हेक्टर जग्गा नापजाँच गर्ने कार्य सम्पन्न गरिएको छ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समुह):

शिक्षा तर्फ:

कक्षा ११-१२ सञ्चालित विद्यालयहरुमा एकीकृत शिक्षा (कृषि, स्वास्थ्य, शिक्षा) कार्यक्रम सञ्चालन गरिएको छ। अभिभावकहरुलाई शिक्षा कार्यक्रम, शिक्षकहरुलाई दिर्घ सेवा सम्मान कार्यक्रम, एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम, एकिकृत पाठ्यक्रम सम्बन्धी तालिम, स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम, शिक्षण सिकाई आदान प्रदान कार्यक्रम एवं सूचना प्रविधि सम्बन्धी जस्ता वृत्ति विकासका कार्यक्रमहरु संचालन गरिएका छन। साथै विषयगत शिक्षक समिति गठन, प्राविधिक शिक्षा तथा उच्च शिक्षाका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रमको व्यवस्थापन गरिएको, स्वयं-सेवक तथा सुत्केरी सट्टा शिक्षक व्यवस्थापन, अपाङ्गता पहिचान कार्यक्रम, घुम्ती प्रधानाध्यापक वैठक लगायत सामुदायिक विद्यालयहरुमा मसलन्द सामाग्री वितरण गरिएको छ।

स्वास्थ्य तर्फ:

यस गाउँपालिकाका ० देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई पूर्ण खोप प्रदान गरेको सुनिश्चित गरी ३८९६ घरधुरी सर्वेक्षण पूर्ण खोप पालिका घोषणा गरिएको छ। ग्रामिण अब्सट्रटिभ भिडियो एक्सरे मेसिनद्वारा देवघाट गाउँपालिकाको ५ वटै वडाहरुमा गर्भवती महिलाहरुलाई भिडियो एक्सरे सेवा संचालन गरिएको छ। विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको छ। स्वास्थ्य सेवाको गुणस्तर वृद्दि तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन निःशुल्क स्वास्थ्य शिविर सञ्चालन र सबै वडामा सुगर सहित स्वास्थ्य चेक जाँच घुम्ति शिविर सञ्चालनको साथै औषधि आपुर्ती गरिएको छ। खोप, गाउँघर क्लिनिक, परिवार नियोजन, पोषण कार्यक्रम, क्षयरोग, कुष्ठरोग कार्यक्रम, सुरक्षित गर्भपतन सेवा, २४ सै घण्टा सुत्केरी सेवा प्रदान जस्ता सेवाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिएको छ। गाउँघर क्लिनिकबाट ४२९६ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ। राष्ट्रिय कार्यक्रमहरु दादुरा रुबेला खोप अभियानमा ९ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुले खोप पाएको संख्या ८६५ जना, IPV (पोलियो) खोप अभियानमा ६ बर्ष देखि ८ बर्ष सम्मका बालबालिकाहरुले खोप पाएको संख्या ५४१ जना तथा नियमित हुने राष्ट्रिय कार्यक्रमहरु भिटामिन ए पाएका ५ वर्ष मुनिका बालबालिकाहरु १६४३ जना, जुकाको औषधि पाएकाहरु १४५५ जना, अर्धवार्षिक रुपमा विद्यालयमा जुकाको औषधि पाएका विद्यार्थी संख्या ४२९६ जना, साथै १० वर्ष देखि १९ वर्ष सम्मका किशोरीहरुका लागि विद्यालयहरुमा आईरन चक्कि वितरण कार्यक्रम संचालन गरिएको छ। वर्थिङ सेन्टरहरुबाट सुत्केरी सेवा दिएको संख्या जम्मा ५७ जना , सुरक्षित गर्भपतन सेवा दिएको संख्या जम्मा २५ जना रहेको छ। परिवार नियोजन सेवा पाईरहेका सेवाग्राहीहरुको संख्याः पिल्स ४२ जना, डिपो १७७ जना, ईम्प्लान्ट ५३३ जना र IUCD सेवा लिने ३८ जनाले हाल सम्म सेवा दिईएको छ । स्वास्थ्य संस्थाहरुको न्यूनतम् सेवा मापदण्ड कार्यक्रम अन्तरगत छिपछिपे, कोटा र सिंच्याङ्ग स्वास्थ्य चौकीमा कार्यक्रम संचालन गरी प्रभावकारी बनाईएको छ । गाउँपालिकामा रहेको १० शैयाको अस्पताल भवन निर्माणधिन छ।

खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) र फोहोरमैला व्यवस्थापन समेत) तर्फ

- गाउँपालिकाको आफ्नै ट्र्याक्टरबाट नियमित रूपमा फोहोर संकलन तथा व्यवस्थापन हुँदै आएको छ।
- वडा नं. ४ को आमडाँडा टोललाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गरिएको छ।
- विद्यालय सरसफाइ र समुदाय सरसफाइ कार्यक्रम सञ्चालनमा ल्याइएको छ।
- खानेपानी सुधारका कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्।
- वडा नं. ४ का आठ वटा खानेपानी तथा सरसफाइ आयोजनाको पानी परीक्षण कार्य सम्पन्न गरिएकोछ।
- वडा नं. ४ र ५ का ९ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूलाई सुरक्षित खानेपानी सम्बन्धी तालिम सञ्चालन गरी सक्षम गराइएको छ।

महिला, बालबालिका तथा जेष्ठ नागरिकः

महिला तर्फः

महिला हिंसा विरुद्वको १६ दिने अभियानमा लैङ्गिक हिंसा विरुद्व जनचेतना जगाउने विभिन्न कार्यक्रम गरि मनाईएको छ । वडा नं. १, २, ३, ४ र ५ सबै वडाहरुमा महिला हिंसा न्युनिकरण र लागुऔषद दुर्व्यसनी न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन । महिला सञ्जाल मार्फत उद्यमी महिलाहरु २५ जनालाई मौरीपालन सिप विकास तालिम र ५०% अनुदानमा मौरी साथै घार वितरण गरिएको छ । महिलासँग सम्बन्धीत विभिन्न दिवसहरु नारी दिवस तथा तिज कार्यक्रम गरि मनाइएको र **"राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम "** अन्तर्गतको तालिमको व्यवस्था गरिएको छ । महिला, बालबालिका तथा जेष्ठ नागरीक सम्बन्धी ११ वटा कार्यक्रम संचालन भएको छ ।

बालबालिका तर्फ

देवघाट गाउँपालिका भित्रको सबै वडाहरुमा वडा स्तरीय बाल सञ्जाल र पालिका स्तरीय बाल सञ्जालका साथै बाल क्लब गठन गरिएको छ ।

अपाङ्गता तर्फ

अपाङ्गताको वर्गीकरण गरी ९ जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ । जसमा ३ जना (क) वर्गका, ४ जना (ख) वर्गका र १ /१ जना (ग) र (घ) वर्गका रहेका छन् । अति अशक्त तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई लत्ता कपडा तथा सामाग्री वितरणका साथै अपाङ्गता भएका व्यक्तिहरुका लागी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

ज्येष्ठ नागरिक तर्फ

हालसम्म २४ जना ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिएको र वडा नं. २ र ३ का १६८ जना ज्येष्ठ नागरिकहरुलाई आँखा, कान तथा दाँतको निःशुल्क स्वास्थ्य शिविर संचालन गरि सेवा प्रदान गरिएको छ ।

आर्थिक विकास (कृषि, उद्योग, राजश्व, पर्यटन, सहकारी, रोजगार) तर्फ:

गाउँपालिका कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित एवं सहयोग गरिएको छ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्धन गर्ने कामलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याईएको छ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरी विविध ७ थरीका सीपमूलक तालिम संचालन गरीएको छ। चालू आ.व.मा गाउँपालिका मातहतका कार्यालयबाट आन्तरिक राजस्व (दहत्तर बहत्तर समेत) मार्फत रु. २,४४,४५,६७७.८२।– (अक्षरुपी दुई करोड चौवालिस लाख पैतालिस हजार छ सय सत्साठ्ठी रुपैयाँ पैसा बयासी मात्र) संकलन गरिएको छ ।

कृषि तर्फः

कृषि कार्यक्रम मार्फत बीउ, औजार उपकरण जस्ता कृषि सामग्रीहरूको सहुलियतपूर्ण उपलब्धताको सुनिश्चितता गरिएको छ। धान, मकै लगायत अन्नबालीको बीउ प्रतिस्थापन दर वृद्धि गर्न माग अनुसार कृषकहरूलाई उन्नत तथा हाइब्रिड बीउ विजन उपलब्ध गराएको छ। तरकारी बालीको क्षेत्रफल र उत्पादकत्वमा सुधार गरी समग्र उत्पादनमा उल्लेख्य वृद्धि गर्न तरकारी पकेट कार्यक्रम सञ्चालन गरिएको छ।कार्यक्रममार्फत ३ हेक्टर जमिनमा तरकारी खेती वृद्धि भएको छ। ३५० कृषकहरूलाई आलुको उन्नत जातका बीउ प्रदान गरिएको छ। देवघाट गाउँपालिका ३, नालबुङमा बीउ बैङ्क कार्यक्रम मार्फत कृषि जैविक विविधता संरक्षण, संवर्द्धन र सदुपयोग गर्न सहयोग गरिएको छ। बीउ बैङ्कमा मास, मस्याङ, गहत, बोडीजस्ता दलहन बालीहरूको सङ्कलन गरिएको छ।

कृषि आयको प्रमुख श्रोतको रूपमा रहेको सुन्तलाजात फलफूलको उचित व्यवस्थापन गरी उत्पादकत्व वृद्धि गर्न र आयआर्जनमा वृद्धि गर्न कृषकहरूलाई कृषि सामग्री वितरण गरिएको छ। गुणस्तरीय फलफूल बेर्ना उत्पादन गर्न देवघाट गाउँपालिका-४, काफलडाँडामा जालीघर सहितको फलफूल नर्सरी स्थापना गरिएको छ। ग्रामीण जीविकोपार्जन सुधारको लागि तुलनात्मक लाभ हुने कृषिमा आधारित व्यवसाय स्थापना र प्रवर्द्धन गर्न पालिकाले विशेष ध्यान पुर्याएको छ। मौरीपालन व्यवसाय प्रवर्द्धनको लागि कृषकहरूको क्षमता अभिवृद्धि गरी २३ घरधुरीलाई मौरीपालन सम्बन्धित सामग्रीहरू उपलब्ध गराइएको छ। करिब ३०० घरधुरीमा च्याउ उत्पादनको लागि च्याउको बीउ वितरण गरिएको छ।

पशु तर्फः

एक वडा एक पशु प्राविधिक सेवाको व्यवस्था गरिएको, ५ वटै वडाका कृषकहरुमा निःशुल्क पशुपन्क्षी औषधि सेवा वितरण गरिएको, महामारीको रुपमा फैलिएको लम्पि स्किन, रेबिज रोगहरु नियन्त्रण गरिएको, कृतिम गर्भाधान सेवाको उपलब्धतता रहको साथै सबै वडामा गरी १२८७ गाईहरुलाई, ६८४ भैसिहरुलाई, ३१९० बाख्राहरुलाई, ६५६ सुँगुर/बुँगुर र २५३ कुकुर, बिरालोहरुलाई विविध किसिमका खोपहरु लगाईएको छ।

वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फः

वन तथा वातावरण व्यवस्थापन गर्न र लागत साझेदारीमा काम गर्न तथा वन क्षेत्रबाट गाउँपालिकाले प्राप्त गर्ने बिक्रीको १० प्रतिशत प्राप्त गर्न सामुदायिक वनसँग समन्वय गरीएको छ । गाउँपालिका विपद व्यवस्थापन समितिको बैठक नियमित रुपमा बसिएको छ। गाउँपालिका सवै कार्यालय र ईलाका प्रहरी कारयालयमा विपद उद्धार सामग्रीको व्यवस्था गरीएको छ।

वडा न. ५ मा दिगो फोहोर व्यबस्थापनको लागि अध्ययन गरी फोहोर उठाई डम्पिङ साइटमा लैजाने काम भएको छ।

सहकारी तर्फ

- सहकारी सम्बन्धी सूचना प्रणाली कोपोमिस र सहकारी व्यवस्थापन सम्बन्धी ३७ जनालाई तालिम उपलव्ध गराई सक्षम बनाइएको छ।
- सहकारीलाई सूसुचित र सुव्यवस्थित बनाउन सहकारीको अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइएको छ ।

उद्योग तथा वाणिज्य तर्फ

- ४७ जनालाई मौरीपालन तालिम र मौरीघार तथा सामग्रीहरू उपलव्ध गराइएको छ।
- ७ जना आदिवासी जनजाति र १ जना अन्य जातिका गरी जम्मा ८ जनालाई व्यूटिसियन सम्बन्धी एड्भान्स तालिम उपलव्ध गराइएको छ।
- २५ जना युवाहरूलाई स्वरोजार बनाउन हाउस वायरिङ तालिम उपलव्ध गराइएको छ।
- बजारीकरण सम्बन्धी तालिम, लघुवित्तमा पहुँच सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
- व्यवसाय दर्तालाई नियमित गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः

यस आ.व. मा रोजगार सेवा केन्द्र मार्फत कूल ५४ जनालाई श्रम स्वीकृतिका लागि सहजीकरण गरिएको छ। कूल २९ वटा रोजगार आयोजना मध्ये २७ वटा सम्पन्न भएको र २ वटा अन्तिम चरणमा रहेको, जसबाट ५५ जना सुचिकृत बेरोजगारले कूल ४५८३.५ दिन बराबरको रोजगारी पाएका छन। जस मध्ये २५२.५ मि. पक्की सिंचाई कुलो निर्माण गरिएको, १०२ मि. सिंचाई कुलो मर्मत गरिएको, ३०८१ मि. पदमार्ग निर्माण गरिएको छ भने ४४.५ मि. पक्की सडक नाला निर्माण गरिएको छ र ५२७ घ.मि. ग्यावियन जाली भरिएको छ जसमा १०९ थान (३*१*१) र १०० थान (२*१*१) को रहेको छ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ

- वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा ४ स्थानमा सञ्चालन गरी १०२ जनाले सेवा लिएका छन्।
- बैदेशिक रोजगारीमा फसेका २ जना को उद्दार गरिएको छ।
- २५ जनालाई मनोसामाजिक परामर्श दिइ उद्दार गरिएको छ।
- महिला स्वस्थ्य स्वयम् सेविकाहरूलाई मानसिक स्वस्थ्य सम्बन्धी अभिमुखीकरण गरिएको छ।
- आप्रवासीहरूको क्षमता विकासका लागि २२ जनालाई क्षमता विकास तालिम सञ्चालन गरी सक्षम बनाइएको छ।
- रिटर्नीहरूबाट १७२९ जनाले बैदेशिक रोजगारी सम्बन्धी सम्पूर्ण सूचना पाएका छन्।

- ४ वटा समुदायमा बैदेशिक रोजगारी सम्बन्धी समुदाय अभिमुखीकरण गरिएको छ।

सामाजिक सुरक्षा तथा घटना दर्ता तर्फः

यस गाउँपालिकाको चालु आ.व. मा कूल १९५५ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता स्वरुप विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत प्रदान गरिएको छ भने नयाँ १६३ जना लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता कार्ड वितरण गरिएको छ। नेपाल सरकारबाट परिपत्र भए अनुसार आ.व. २०८१/२०८२ मा सामाजिक सुरक्षा भत्ता जस्ता अन्य विविध सेवा सुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य गराईए पश्चात तनहूँ जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी छुट भएका ३१६ जना लाभग्राहीहरुको आवेदन फारम भरि राष्ट्रिय परिचय पत्र नम्बर उपलब्ध गराई सहजीकरण गर्ने कार्यमा यस जिल्लाकै स्थानीय तहहरु मध्ये पहिलो तथा एक मात्र स्थानीय तह रहन सफल भएको छ। साथै यसै आ.व. मा व्यक्तिगत घटना दर्ता तर्फ ३६४ जनाको जन्म, १५३ जनाको मृत्यु, १५२ वटा विवाहदर्ता, २० वटा सम्बन्ध बिच्छेद, ९९ जना बसाई सरी आएका र २०१ जना बसाई सरी गएका छन्।

सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएको उपलब्धीः

२०८० साल चैत्र मसान्तसम्ममा देवघाट गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि र मापदण्डहरु मार्गदर्शन गरी २१ वटा कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। गाउँपालिकाले संगठन तथा सर्वेक्षण तयार गरी कार्यालयको कार्यबोझको आधारमा संगठन, संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यस गाउँपालिकाले गत आ.व को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६६.५ प्रारम्भिक अंक प्राप्त गरेको छ। यस आर्थिक वर्षमा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ। देवघाट गाउँपालिका वडा नं. २, ४ र ५ मा नवनिर्मित वडा कार्यालय समुद्घाटन भई वडा कार्यालयबाट सेवा प्रवाह भएको छ। पालिबाट सम्पादित कार्यहरुको नागरिकलाई सूचित गराउन तथा नागरिकका राय सुझाव संलग्नका लागि यस आर्थिक वर्ष २०८०/०८१ मा देवघाट ०५ देवघाट-१ कोटा र देवघाट ५ सिटिहलमा गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन भएका छन्। गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत शाखाबाट सम्पादित कार्यहरुको प्रगति विवरण प्रत्येक त्रैमासिकमा गाउँपालिकाको बेभ साइटमा स्वत: प्रकाशन गरिएको छ। नेपालको संविधान (२०७२) ले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको विषयमा सुसूचित हुन पाउने मौलिक हक अन्तर्गत सूचनाको हक सम्बन्धी, २०६३ तथा नियमावली २०६५ ,बमोजिम मागका आधारमा विभिन्न ९ जना व्यक्तिलाई सूचना विवरण उपलब्ध गराइएको छ। गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकीहरुको अनुगमन तथा निरीक्षणका साथै पालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुबाट नागरिकलाई सर्वसुलभ र सहज रुपमा सेवा प्रवाह गरिएको छ।

न्यायिक समिति तर्फः

न्यायिक समितिबाट ३३ जना मेलमिलापकर्ताहरुलाई ४८ घण्टे तालिम दिई सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापको माध्यमबाट १ वटा मुद्दा न्याय निरुपण गरिएको र बाँकी मुद्दाहरू निरूपणका क्रममा रहेकाछन् ।

आगामी आ.व. ०८१/०८२ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु

गाउँपालिकाको लक्ष्यः **समुन्नत देवघाटको आधारः धार्मिक पर्यटन, कृषि र सम्पन्न पूर्वाधार**

क. राजश्व व्यवस्थापन तथा आर्थिक विकास :

क. राजश्व व्यवस्थापन

- राजश्व संकलनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन राजश्व सुधार योजनालाई समसामायिक बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- राजश्व सुधारलाई प्रभावकारी बनाउन आन्तरिक उत्पादन कर लगायत राजस्वका दायरालाइ वृद्दि गरी राजश्वका दरहरुमा समयानुसार केही परिमार्जन गरी कर, दस्तुर, सेवा शुल्क संकलनको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वातावरणीय प्रभाव पार्न सक्ने उद्योगहरूलाई वातावरण शुल्क लगाई राजश्व संकलनमा प्रभावकारिता बढाइनेछ । साथै सामुदायिक वनको आम्दानीको १० प्रतिशत गाउँपालिकामा बुझाउनु पर्ने व्यवस्थामा कडाई गरिनेछ ।

ख. आर्थिक क्षेत्रः

कृषि तथा पशु पंक्षी विकासः

कृषि तर्फः

- किसान सूचीकरणमार्फत व्यावसायिक र निर्वाहमुखी कृषक वर्गीकरण गरी व्यावसायिक कृषकहरूलाई नाफामूलक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास गर्न सहयोग गरिनेछ एवं निर्वाहमुखी कृषकहरूलाई कृषि उत्पादन सामग्रीहरूको सहुलियतपूर्ण उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी ग्रामिण रोजगारी सिर्जना गरिनेछ । कृषिमा आधारित अर्थतन्त्र मार्फत ग्रामीण जीविकोपार्जनलाई प्रगतिशील बनाइनेछ ।

- कृषक समूह र कृषि सहकारीलाई विस्तार एवं विकास गर्दै कृषि प्रसार सेवाको सञ्चालन विन्दुको रूपमा विकास गरिनेछ। ग्रामीण कृषकहरूलाई सहकारीमा आवद्ध हुनको लागि प्रोत्साहन गरिनेछ
- सुन्तलाजात फलफूल बगैँचा विस्तार एवं व्यवस्थापन सुन्तला पकेट क्षेत्र स्थापना र निरन्तरता दिँदै उत्पादकत्व वृद्धि गरिनेछ र सुन्तला मूल्य श्रृङ्खला प्रवर्धन गरिनेछ।
- प्रमुख खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्न बीउ प्रतिस्थापन दरमा सुधार गरिनेछ। बीउ विजन आत्मनिर्भर कार्यक्रम सञ्चालन गरी उन्नत बीउको उपलब्धताको सुनिश्चितता गरिनेछ।उन्नत बीउ प्रयोगमा अनुदान प्रदान गरिनेछ।
- बाँझो कृषियोग्य जमिनमा बहुउपयोगी रुख प्रजातिहरू र कन्दमूल बाली सहितको कृषिवन प्रणालीको प्रवर्द्धन गरिनेछ।
- रैथाने बालीको प्रवर्धन गरी गाउँपालिकाको ब्राण्डमा बजारीकरण गरिनेछ।
- कृषि योजना निर्माणको लागि कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक प्रणाली सम्बन्धी सफ्टवेयरको निर्माण गरिनेछ।
- प्राङ्गारिक विषादी एवं मलको उत्पादन र प्रयोगको विस्तार गरी प्राङ्गारिक कृषि प्रवर्द्धन गरिनेछ
- कृषि व्यवसायको जोखिम न्यूनीकरणको लागि कृषि बिमा कार्यक्रममा कृषकहरूको पहुँचमा वृद्धि गरिनेछ।
- एक वडा एक उत्पादनलाई जोड दिँदै सम्बन्धित बालीको बहुबर्षीय योजना सहितको परियोजना निर्माण गरिनेछ।
- कृषक क्षमता अभिवृद्धिको लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको समन्वयमा कृषि तालिम, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरूमा जोड दिइनेछ।
- कृषकहरूलाई मौसम सम्बन्धी पूर्व सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।
- जलवायुमैत्री कृषि प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यासको अभिलेखन र विस्तार गरिनेछ।
- मौरीपालन, पुष्प खेती, बगर खेती, बेमौसमी तरकारी खेती जस्ता तुलनात्मक लाभ भएका क्षेत्रहरूको विस्तार गरिनेछ।
- अदुवा तथा बेसार खेतीको प्रवर्द्धन गरी बजारीकरण गरिनेछ।
- उच्च उत्पादकत्व तथा कृषि बालीको क्षेत्रफल वृद्धिको लागि सिँचाई सुविधाको विस्तार गरिनेछ।
- स्थानीय कृषि उपजको बजारीकरणको लागि प्रत्येक वडामा हाट बजार विकास एवं विस्तार गरिनेछ।
- मौरीपालन श्रोत केन्द्रको स्थापना तथा विस्तार गरिनेछ।

- गुणस्तरीय फलफूल बेर्ना उत्पादन तथा आपूर्तिको लागि निजी नर्सरीहरू दर्ता गरी क्षमता अभिवृद्धि गरिनेछ। सुन्तलाजात फलफूल बेर्नामा ग्रिनिङ रोग नियन्त्रणको लागि पि.सि.आर. परीक्षण अनिवार्य गरिनेछ।
- रसायनिक मलको आपूर्ति, वितरण र अनुगमन व्यवस्थित र पारदर्शी बनाइनेछ।
- जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोगको अभियान संचालन गरिनेछ।
- किसानको क्षमता विकासका लागि **किसानसँग अध्यक्ष कार्यक्रम**लाई सञ्चालनमा ल्याइनेछ।

पशुपन्छी तथा मत्स्य विकास तर्फः

- पशु स्वास्थ्यका लागि घुम्ति शिविर/अभिमुखीकरण कार्यक्रम, व्यावसायिक पशुपालन तालिम संचालन गरिनेछ।
- पशुपन्छीको नश्ल सुधार, पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने किसिमका कार्यक्रमहरुमा जोड दिइनेछ ।
- एकीकृत रुपमा पशुपन्छी स्वास्थ्य सेवा प्रदान गरिनेछ।
- सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरिनेछ।
- पशुपन्छी विशेष उत्पादन क्षेत्रतोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य र बिमा सहितको प्राविधिक सेवा प्रदान गरिनेछ।
- पशुपालनका लागि बाँझो जग्गामा घाँस खेती कार्यक्रमलाई जोड दिइनेछ।
- स्थानीय नश्लका पशुपन्छीहरुको अनुसन्धानमा आधारित नश्ल सुधार कार्यक्रम कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
- निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित पशुपालन व्यवसायलाई प्राथमिकता दिई एकीकृत रूपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- साना किसान प्रोत्साहन, व्यवसाय सुधार र पशुपालक कृषकहरुको क्षमता अभिवृद्धि कार्यक्रमको अवधारणा अवलम्बन गरिनेछ।
- जुनोटिक तथा महामारीजन्य रोगहरुको नियन्त्रण तथा रोकथामको लागि सरोकारवालाहरुको समन्वयमा "एक स्वास्थ्य" नीति सहितको एकीकृत (शिक्षा, स्वास्थ्य/पशुपन्क्षी) कार्यक्रम संचालन गरिनेछ।

सहकारी:

- सहकारी संस्थालाई प्रवर्धन गरी व्यवसायिक खेतीमा जोड दिइनेछ।

- सहकारीहरुको उन्नति र प्रगतिमा टेवा पुर्याउन पालिका स्तरीय सहकारी समन्वय समिति गठन गरी उनीहरुको क्षमता विकास गरिदै लगिने छ।
- सहकारी संस्थाको प्रभावकारी नियमन र अनुगमनका लागि सहकारी शाखाको व्यवस्थापन गरी नियमनकीय क्षमता अभिवृद्धि गरिनेछ।
- उत्कृष्ट कार्य गरेको वा नमुना सहकारी संस्था छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ।
- नागरिकहरूको व्यवसायिक जीवनलाई प्रवर्धन गर्न सहकारीहरूको सवलीकरणमा प्राथमिकता दिइनेछ।

उद्योग/वाणिज्य:

- व्यवसायको उन्नतिका लागि गाउँपालिका क्षेत्र भित्रका सबै प्रकारका व्यवसाय दर्तालाई नियमित गरिनेछ
- गरिवी निवारणका लागि **गरिबसँग अध्यक्ष कार्यक्रम** सञ्चालनमा ल्याई नयाँ लघु उद्यमी सिर्जना र पूराना उद्यमीहरुलाई स्तरोन्नती गरिदै लगिने छ।
- उद्यमशीलता मार्फत **सिक्दै जाऊँ, कमाउँदै जाऔँ** कार्यक्रम सञ्चालनका लागि सीप विकास तालिम सञ्चालन गरिनेछ।
- रोजगारीमूलक कृषि उद्योगलाई निरन्तरता दिइनेछ।
- वाणिज्य व्यवसायलाई मर्यादित र व्यवस्थित गरिनेछ।
- सरकारी, निजी क्षेत्र, सहकारी तथा गैर सरकारीसँग सहकार्यमा विभिन्न उद्योगहरु तथा लघु उद्यम सञ्चालनमा जोड गरिनेछ।
- स्वरोजगार कोषको उचित व्यवस्थापन गरिनेछ।
- उद्यमशीलता विकास सम्वन्धी (कम्तिमा ७+१ दिन) तालिम नलिएकाहरुका लागि सीप विकास तालिममा सहभागी नगराईने नीति लिइनेछ।
- सबै प्रकारका सीप विकास तालिम सञ्चालन गर्दा एकद्धार प्रणाली अपनाइने छ।
- विपन्न, दलित, अल्पसंख्यक, एकल तथा द्वन्द्व पीडित महिला र अपाङ्गता भएका व्यक्तिहरुका लागि आय आर्जनका लागि एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै प्रकारका सीप विकास तालिम लिएकाहरुका लागि सीप परीक्षण गर्दै लगिने छ।
- सीप विकास तालिम सञ्चालन गर्दा स्थानीय कच्चा पदार्थको बढी भन्दा बढी सदुपयोग हुने किसिमका तालिमलाई जोड दिइनेछ।

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न र बजारीकरणमा टेवा पुर्याउन उपयुक्त स्थानमा हाटबजार सञ्चालनमा ल्याइनेछ ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमः

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गरी सीपमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकीकृत मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी रुपबाट सञ्चालनमा ल्याइनेछ ।
- अत्मनिर्भरका लागि आय आर्जन वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि गहन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- बैदेशिक रोजगारी सम्बन्धी समुदायलाई सघन अभिमुखीकरण गरिनेछ ।

पर्यटन तर्फः

- गाउँपालिका अन्तर्गत धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्व बोकेका स्थानहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिका र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक स्थल भएका पालिकाहरुसँग धार्मिक भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
- व्यवसायिक एवं रोजगार मूलक पर्यटन ब्यवसायमा जोड दिइनेछ ।
- देवघाट गाउँपालिका अन्तर्गतका वडाहरुमा व्यवस्थित होम-स्टे प्रवर्द्दनका लागि सशक्तीकरण तथा सबै सामुदायिक सांस्कृतिक पहिचान झल्किने गरी सुधारका कार्यक्रम ल्याइनेछ ।
- पर्यटन पथको थप सुधार, मर्मत, सम्भार, संरक्षण तथा प्रचार प्रसार गरिनेछ ।
- घण्टाचुली पर्यटन प्रवर्द्धन निर्माण तथा संरक्षणका लागि सम्भाव्यता अध्ययन तथा अनुसन्धान अनुसारका कार्य स्थानीय स्तरबाट अगाडि बढाइनेछ ।
- पर्यटन योजना अनुरुप पर्यटन क्षेत्रको विकासलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- बेणी संगम देखि दासढुंगा पुलसम्म पद मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- देवघाट गाउँपालिका क्षेत्रभित्र रहेका आश्रम , मठमन्दिर, गुम्बा, चर्च, मस्जिद, एतिहासिक गढी तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन र प्रवर्द्धनका माध्यमबाट धार्मिक पर्यटन विकास गर्दै लगिनेछ ।
- देवघाट गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने धार्मिक भेला तथा मेलाहरूलाई सहयोग गरिनेछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमः

- नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको र उक्त हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली जारी भएको अवस्थामा

यस गाउँपालिकामा रहेका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिन तथा निजी क्षेत्रबाट रोजगारी सृजना हुने उद्योग, व्यवसायलाई दिगो तथा उत्पादनशिल क्षेत्रमा रोजगारी सिर्जना गर्ने गरि कार्यक्रम सञ्चालन गरिनेछ।

- देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा दलित, महिला, जनआन्दोलन तथा सशस्त्र संघर्षका शहीद तथा घाईते परिवार र अपाङ्गता भएका व्यक्तिका लागि रोजगार तथा सीपमूलक कार्यक्रम र न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूत गरिनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ। रोजगारीका लागि बाध्यताले विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्न तथा विदेश जानै परेमा सही सूचना र सीप सिकेर दक्ष जनशक्तिको रुपमा सुरक्षित तवरले वैदेशिक रोजगारीको जानका लागि सामी कार्यक्रम मार्फत अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशिलता विकास गराउन तथा बिउ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाईने छ। दिगो रोजगारी सृजना गर्न रोजगारी सम्बन्धी सीप विकास कार्यक्रम, सिप परीक्षण तथा उत्पादन वृद्धि गर्ने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।
- पूर्वाधार मर्मत सुधारका सार्वजिनक कामहरूमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट काम गर्ने व्यवस्था मिलाइनेछ।

ग. सामाजिक विकास:

शिक्षा तर्फ:

- गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरी आधारभुत तह (१-८) सम्म कार्यान्वयन गरिनेछ।
- शून्य दरबन्दी र कम दरबन्दी भएका आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) संचालित विद्यालयमा अङ्ग्रेजी, विज्ञान र गणित विषयमा शिक्षण सहयोग अनुदान प्रदान गरिनेछ।
- एक वडा एक मातृ विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT कक्षाको व्यवस्थापन गरिनेछ। साथै त्यस पश्चात आवश्यकता अनुसार आधारभूत तह (६-८) लाई जोड दिइनेछ।
- सामुदायिक विद्यालयका (६-१२) सम्मका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ।

- विद्यालयको शैक्षिक सुधारका लागि वडा समिति, शिक्षा समिति आदिबाट अनुगमन र निरीक्षणलाई जोड दिइनेछ।
- गाउँपालिका भित्र एउटा प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक अध्ययन एवम् पहल गरिनेछ
- शिक्षकको पेशागत विकासका लागि क्षमता विकास कार्यक्रमलाई जोड दिइनेछ।
- विद्यार्थीको सर्वाङ्गिण विकासका लागि गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ।
- विद्यार्थी संख्या र शिक्षक दरबन्दीको आधारमा दरबन्दी मिलान गर्ने कार्य गरिनेछ।
- विद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा समुदायको सहमतिमा विद्यालय मर्ज गर्ने कार्य अगाडि बढाइनेछ ।
- शिक्षा प्रणालीलाई सूचना प्रविधि (Smart Education) मा आधारित बनाउदै लगिनेछ र सम्पूर्ण सामुदायिक विद्यालयको बालकक्षालाई प्रविधिमैत्री बनाउन एक वडा एक Smart Education लागू गरिनेछ।
- सम्पूर्ण विद्यालयको शैक्षिक तथ्याङ्क लाई IEMIS प्रणालीमा व्यवस्थित गरिनेछ।
- विपन्न र जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्थापन गरिनेछ।
- बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको न्युनतम योग्यता SEE उत्तिर्ण तोकिनेछ।
- एकीकृत अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई जोड दिइनेछ।
- कृषि, स्वास्थ्य, विपद व्यवस्थापन आदि रोजगारमूलक एकीकृत शिक्षा कार्यक्रमलाई सम्पूर्ण माध्यमिक विद्यालय र आधारभूत विद्यालयमा क्रमशः संचालनका लागि कोषको व्यवस्था गरिनेछ।
- शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यार्थीहरूको सुविधाका लागि यातायातको व्यवस्था गरी नमूनाको रूपमा अगाडि बढेका विद्यालयहरूका लागि सहयोग गरिनेछ।
- कक्षा ५ को अन्तिम परीक्षालाई वडास्तरीय स्तरमापनको परीक्षाका रूपमा लिइनेछ।
- कक्षा १देखी ५ सम्म सञ्चालित विद्यालयहरूमा बुक कर्नर र कक्षा ६ देखी १२ सम्म सञ्चालित विद्यालयहरूमा लाईब्रेरी स्थापना गर्दै लैजाने नीति लिइएकोछ।
- शिक्षक, विद्यार्थी र अभिभावकहरूको क्षमता विकासका लागि **शिक्षक, विद्यार्थी र अभिभावकसँग अध्यक्ष कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।
- विद्यालय अनुमगमनका लागि प्रभावकारी योजना ल्याइ क्षमता विकास र प्रविधियुक्त कार्यक्रम ल्याइनेछ।

यूवा तथा खेलकुद तर्फः

- युवाहरुसँग समन्वय गरी विभिन्न खेलकुद एवं खेलकुदसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- युवा जनशक्तिलाई रचनात्मक कार्यहरुमा उत्प्रेरित गर्न, विकास र निर्माण कार्यमा सहयोग पुर्याउन, रोजगार र युवा सशक्तीकरणका लागि एकीकृत कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।
- निजी क्षेत्रको लगानीमा खेल मैदान, खेलकुद भवन निर्माण गर्न प्रोत्साहित गरिनेछ ।
- पालिका स्तरिय खेलकुद कार्यक्रम संचालन गरीने छ । त्यसका लागि संगठित खेलकुद समितिहरुलाई प्रोत्साहित गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमलाई जोड दिइनेछ ।

आधारभूत स्वास्थ्य सेवाः

- सबै वडाहरुमा आधारभूत र गुणस्तरीय नि:शुल्क स्वास्थ्य सेवाको पहूँच पुर्याईनेछ ।
- स्वास्थ्य सेवालाई भरपर्दो र जनमैत्री बनाउन स्वास्थ्य तथा सूचना व्यवस्थापन प्रणाली लागू गरिनेछ ।
- सबै वडाहरुमा विपन्न दलित तथा अल्पसंख्यक जातजातिहरु र जेष्ठ नागरिकहरुलाई स्वास्थ्य बिमाको दायरामा ल्याइनेछ ।
- स्वास्थ्य संस्थामा नियमित रुपमा औषधिको आपूर्ति व्यवस्था मिलाईने छ ।
- १० वर्ष देखि १९ वर्ष सम्मका किशोरीहरुलाई आइरन/फोलिक चक्की १३ हप्ताको फरकमा विद्यालय मार्फत वितरण गरिनेछ ।
- आवश्यकता अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयं-सेविकाहरुको क्षमता विकास र व्यवस्थापन गर्दै लगिनेछ ।
- आकस्मिक तथा महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रम ल्याइनेछ ।
- सामुदायिक स्वास्थ्य इकाईहरुको क्षमता विकास र व्यवस्थापनमा जोड दिइनेछ ।
- नेपाल सरकारले तोकिएको कार्यक्रम खोप, परिवार नियोजन, मातृशिशु सम्बन्धी कार्यक्रमको लागि स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्री/उपकरण उपलब्ध गराइनेछ ।
- सबै स्वास्थ्य चौकीमा विद्युत, सोलार तथा ईन्टरनेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थामा ८ पटक गर्भ परिक्षण तथा संस्थागत सुत्केरी गराए वापत गाउँपालिकाबाट उपलब्ध हुने प्रोत्साहन वा यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

- स्वास्थ्य संस्थाका (वर्थिङ सेन्टरहरुमा) सुत्केरी हुन आउँदा कुरुवा र सुत्केरीलाई बस्न र खानाको व्यवस्था मिलाईने छ।
- वर्थिङ सेन्टरमा खटिएका नर्सिङ कर्मचारीहरुलाई सुत्केरी गराए बापत प्रोत्साहन तथा जोखिम भत्तालाई निरन्तरता दिइनेछ।
- क्षयरोग, कुष्ठरोग तथा HIV यौनजन्य रोग सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- मदिरा, सुर्तिजन्य पदार्थको बिक्री वितरण व्यवस्थित गरिनेछ।
- देवघाट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा गाउँघर क्लिनिक तथा खोप क्लिनिक आवश्यकता अनुसार थप घट गरिने तथा खटिएका स्वास्थ्य कर्मीहरुलाई यातायात खर्चको व्यबस्था गरिनेछ।
- स्वास्थ्य कर्मीहरुको लागि आवश्यकता अनुसार क्षमता अभिवृद्दि तालिमको व्यवस्था गरिनेछ।
- देवघाट धर्मार्थ अस्पताल चिकित्सकबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य संस्थाका कर्मचारीहरुबाट आवश्यकता अनुसार विद्यालय, समुदाय र आमा समुहहरुमा गई स्वास्थ्य शिक्षा प्रदान गरिने व्यवस्था गरिनेछ।
- दीर्घरोगीहरुको लागि दिईने औषधि उपचार खर्चको रकमलाई निरन्तरता दिइनेछ।
- उमेर पुगेका तथा अशक्त रोगी, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई सम्मानजनक बिदाई गरिनेछ।
- गर्भवती महिलाहरुको लागि ग्रामिण अब्स्ट्रटिभ भिडियो एक्सरे कार्यक्रम सबै वडाहरुमा लागु गरिने तथा अब्स्ट्रटिभ भिडियो एक्सरे मेसिन खरिदको लागि बजेट व्यवस्थापन गरिनेछ।
- अस्पताल तथा स्वास्थ्य चौकीहरुबाट निशुल्क प्रदान गरिने औषधिहरु गुणस्तर तथा सर्वसुलभ वितरण गर्नको लागि बजेटको ब्यवस्था गरिनेछ।
- जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय कार्यक्रमहरु संचालन गरिने तथा बजेटको व्यवस्था गरिनेछ।
- संघिय सरकार, प्रदेश सरकारसँग समन्वय गरी जनस्वास्थ्य कार्यक्रमहरु संचालन गरी लक्ष्य अनुसार प्रगति हासिल गरिनेछ।
- स्वास्थ्य संस्थामा आवश्यकता अनुसार कर्मचारीको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने क्रममा आकस्मिक रुपमा रेफर गर्नु परेमा यातायात खर्चको लागि बजेट ब्यवस्था गरिनेछ।
- देवघाट धर्मार्थ अस्पतालको ल्याब स्तरोन्नतिको लागि बजेट व्यवस्थापन गरिनेछ।
- विभिन्न वडाहरुमा आवश्यकता अनुसार विशेषज्ञ सहितको नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

- ५ वर्ष भित्रका बालबालिकाहरुलाई पूर्णखोप लगाएको सुनिश्चित गरी (घरधुरी सर्वेक्षण) देवघाट गाउँपालिकालाई पूर्ण खोप पालिका बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- पालिका स्तरीय १० शैयाको अस्पताल निर्माण कार्य निरन्तरता रहेको र उक्त अस्पताल समयमा नै सम्पन्न गर्न संघीय सरकारसँग समन्वय गरी समापन गरी कार्यलाई निरन्तरता दिइनेछ।

खानेपानी, सरसफाइ तथा स्वच्छता तर्फः

- व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइमा थप जोड दिदै पूर्ण सरसफाइ उन्मुख गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- फोहोरमैला व्यवस्थापनमा क्षमता विकास गरी महामारी न्यूनिकरणको निम्ति सहयोग पुग्ने गरी कार्य गरिनेछ।
- फोहोरलाई मोहोरमा बदल्न फोहोरलाई रिसाइकल गरिनेछ।
- विद्यालय तथा समुदायस्तरमा **साबुनपानीले हात धुने कार्यक्रम**लाई निरन्तरता दिईनेछ।
- यस भेगमा पानी परीक्षण प्रयोगशाला नभएको र पानी परीक्षणमा निकै कठिनाइ भएकोले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूसँग सहकार्य गरी स्थानीय स्तरमा नै पानी परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।
- **एक घर एक सुरक्षित चर्पी भन्ने हाम्रो नारा, समुन्नत देवघाट बनाउन लागी परौ सारा** भन्ने आदर्श वाक्यलाई चरितार्थ पार्न चर्पीमा नमुना गाउँ निर्माणका लागि उपभोक्ता र दातृ निकायको साझेदारीमा वडा नं. २ र ३ का १०० घरमा **चर्पी सुधार कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।
- खानेपानी सुरक्षित भए नभएको एकीन गर्न सम्पूर्ण खानेपानी आयोजनाको पानी परीक्षण गरिनेछ र सुधारका कार्यक्रम ल्याइनेछ।
- सरसफाइलाई पूर्णता दिनका लागि ५ वटै वडाहरूलाई प्लाष्टिकमुक्त बनाउन **प्लाष्टिकमुक्त वडाध्यक्ष कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।
- सबै व्यक्तिलाई सुरक्षित खानेपानी उपलब्ध गराउन **खानेपानी मुहान देखि मुखसम्म** सफाई अभियान सञ्चालनमा ल्याइनेछ।
- हरेक घरमा बालमैत्री एक घर एक धारा निर्माण गरी सबै नागरिकको सुरक्षित खानेपानीमा पहुँच पुगेको हुनेछ।
- खानेपानीका मुहान संरक्षणका लागि उपयुक्त स्थानमा पुनर्भरण पोखरी (Recharge Pond) निर्माण गरिनेछ।

- महामारी रोगको जोखिम न्यूनीकरणका लागि दातृ निकायको साझेदारीमा हरेक विद्यालय र स्वास्थ्य चौकीमा सुरक्षित खानेपानी, सुधारिएको चर्पी, हात धुने स्थान निर्माण र भेन्डिङ मेशिन उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको सवलीकरण गरिनेछ ।
- सबै खानेपानीका मुहानहरूको संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।
- ल्याण्डफिल्ड साइटको दिगो व्यवस्थापन गर्न उपयुक्त स्थानको खोजी गरिनेछ ।

सामाजिक सुरक्षा तथा पञ्जीकरणः

- सामाजिक सुरक्षा भत्तालाई चुस्त र दुरुस्त बनाउन EFT प्रणालीलाई निरन्तरता दिइनेछ ।
- लाभग्राहीहरुको तथ्याङ्क नछुटोस भन्नका लागि नियमित रुपमा लाभग्राहीहरुको तथ्याङ्क सङ्कलन कार्यलाई व्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई विश्वसनीय तथा पारदर्शी बनाईने र व्यक्तिगत घटना दर्तालाई सूचना प्रविधिसँग आवद्ध गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख नियमित रुपमा अद्यावधिक गरिनेछ ।
- बायोमेट्रिक डिभाइस मार्फत सञ्चालन गरी नवीकरणलाई नियमित गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई सु-व्यवस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सु-व्यवस्थित गर्न सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ
- व्यक्तिगत घटना दर्ता अभियानलाई शत प्रतिशत बनाउन एकीकृत घटना दर्ता शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

महिला तथा वालवालिका तथा ज्येष्ठ नागरिक तर्फः

- महिला बालबालिका, अपाङ्गता भएका र जेष्ठनागरिकको सामजिक सूचना व्यवस्थापन प्रणाली लागु गरिनेछ ।
- बाल अधिकार सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन र वडाहरूलाई बालमैत्री वडा घोषणा गरिनेछ ।
- सम्पूर्ण वडाहरुमा घुम्ति शिविर राखी ज्येष्ठ नागरिक परिचय-पत्र वितरण, स्वास्थ्य उपचार, तीर्थयात्रा, ज्येष्ठ नागरिक पुनर्मिलन र दिवा सेवा केन्द्र स्थापना जस्ता कार्यक्रमलाई जोड दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आयआर्जनमा टेवा पुर्याउने, अपाङ्ग भएका अभिभावकका छोराछोरीहरुका लागि छात्रवृत्ति, स्वास्थ्य उपचार, परिचय पत्र वितरण, शैक्षिक सामग्री वितरण गर्न एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

- महिला उत्थान र जीविकोपार्जनका लागि महिला सञ्जाललाई क्षमता विकास गर्दै पाँच वटै वडा समेटिने गरी महिला सञ्जाल मार्फत लैङ्गिक समानता, महिला हिंसा विरुद्धका कार्यक्रम, एकल महिला, दलित महिला, द्वन्द पिडित महिला, विपन्न महिलाहरूका लागि एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- महिलाहरूलाई सक्षम र सशक्त बनाउन **उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम** सञ्चालन गरिनेछ।

लक्षित वर्गः

- विपन्न तथा आर्थिक, सामाजिक रुपमा पछाडि परेका वर्गहरुलाई गाउँपालिका स्तरीय सञ्जाल, वडा स्तरीय सञ्जाल पुनर्गठन गरी जसको सहकार्यमा आर्थिक, सामाजिक विकासका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

आदिवासी जनजाति, दलित र अल्पसंख्यक:

- रोजगार कार्यक्रम मार्फत आदिवासी जनजाति, दलित, पिछडिएको वर्ग एवं महिला वर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न सशक्तिकरण कार्यक्रम र आय आर्जनका लागि विभिन्न सिपमूलक कार्यक्रम, संस्कृति संरक्षणका कार्यक्रमहरु ल्याइनेछ।
- पछाडि पारिएका वर्गहरुका लागि क्षमता विकास कार्यक्रम ल्याइनेछ।

मानव अधिकारः

- देवघाट गाउँपालिका अन्तर्गत मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै मानव अधिकार सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

मानव सेवा आश्रम:

- मानव सेवा आश्रम मार्फत बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावक विहिन, शारीरिक तथा मानसिक रुपमा कमजोर सडक आश्रित मानवहरुको उद्धार, उपचार, परामर्श, पालन पोषण एवं पारिवारिक पुनर्मिलन सम्बन्धी विशेष कार्यक्रम तथा अभियान सञ्चालनमा ल्याइनेछ।

भूमि व्यवस्थापनः

- संघ, प्रदेश सरकार र भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति कार्यक्रम बमोजिम आवश्यक समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थीत बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा वितरण कार्य अघि बढाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र भूमिको वर्गीकरण गरी भू-उपयोग क्षेत्र तोकिनेछ।
- सार्वजनिक जग्गा खोजीगरी संरक्षण गरिनेछ।

सामाजिक सुधार, सार्वजनिक स्थल र चाडपर्व:

- समाजमा सदाचार, शिष्टाचार, नैतिक मूल्य र मान्यतालाई प्रवर्द्धन गरिनेछ।
- देवघाट गाउँपालिका अन्तर्गत बसोबास गर्ने सांस्कृतिक र साम्प्रदायिक सद्भाव झल्कने सबै जातजातीहरु समेटिने गरी पार्श्वचित्र निर्माण गरिनेछ।
- स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गरिनेछ।
- सामाजिक, सांस्कृतिक तथा सेवा मूलक कार्यमा स्थानीय समुदायको सहभागिता मार्फत सिर्जनशीलताको प्रवर्द्धन गरिनेछ।
- भड्किलो र अनुत्पादक खर्च बढी हुने गरी मनाइने चाडपर्वलाई निरुत्साहित गर्दै सरल, मितव्ययी र परम्परागत संस्कृतिको संरक्षण र संवर्द्धन गरिनेछ।
- वेणी संगम तथा देवघाटको धार्मिक क्षेत्रमा विभिन्न समयमा हुने धार्मिक पर्वहरुमा व्यवस्थित सुरक्षा नीति अपनाईने छ।

भाषा/संस्कृति संरक्षण:

- स्थानीय भाषा, संस्कृति, कला, सांस्कृतिक संरक्षण संवर्द्धन गरिनेछ।

घ. पूर्वाधार क्षेत्रः

पूर्वाधार तर्फः

- सडक निर्माण मापदण्ड बनाई विशेष मुल सडकको किनारमा फलफूल बिरुवा लगाई वातावणमैत्री सडक निर्माणमा जोड दिइनेछ।
- विगतमा निर्माण गरीएका मुख्य कच्ची सडकहरुलाई दिगो स्तरवृद्धि गरिनेछ।
- शालिग्राम कोरिडोर मार्गलाई गौरवको योजनाको रुपमा लिई प्रदेश सरकारलाई उक्त मार्ग छिटो र गुणस्तरीय रुपमा स्तरोन्नति गर्न गराउन निरन्तर सहयोग तथा पहल गरिनेछ।
- भौतिक पूर्वाधारका महत्वपूर्ण ठूला योजनाहरु (भवन, खानेपानी, ढल, सडक, पुल, तटवन्ध जस्ता) सञ्चालनका लागि प्रदेश सरकार, संघीय सरकार र दातृ निकायमा पहल गरिनेछ।
- सार्वजनिक जग्गा एवं सम्पत्ति संरक्षण गरी वडागत लगत राख्ने कार्यलाई निरन्तर अगाडि बढाइनेछ।
- गाउँपालिका कार्यालय र वडा कार्यालय जोडिने गरी **पक्की सडक कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।
- सार्वजनिक सडक बाटोको नक्सांकन गर्ने कार्यलाई अगाडि बढाइनेछ।
- देवघाट - ४ गाईघाट र भरतपुर म.न.पा. - २९ भोर्ले चितवन जोड्ने त्रिशुली नदी, देवघाट ३ र बन्दिपुर गाउँपालिका जोड्ने सेतिनदी र देवघाट-१ कालिकाटार र नवलपुर जोड्ने कालीनदीमा पक्की पुल निर्माण कार्यका लागि पहल गरिनेछ।

- आवश्यकता पहिचान भएका स्थानहरुमा क्रमश: झोलुङ्गे पुल निर्माण कार्य निरन्तर गर्दै लगिनेछ।
- देवघाट गाउँपालिका वडा नं. ५ का मूख्य तथा भित्री सडकहरुको स्तरोन्नती गरी कालोपत्रे गर्नको लागि स्थानीयको लागत सहभागिता मार्फत हुने गरी समपुरक बजेट व्यवस्था गर्ने नीति लिईनेछ।
- देवघाट गाउँपालिकाबाट वडा स्तरमा स्थानीय जनताको सेवालाई मध्यनजर गरी वडा स्तरबाट नै दैनिक प्रशासनिकको साथमा योजना सञ्चालन समेतको काम गर्ने सुरुवाती गरेकोमा अत्यन्त प्रभावकारी देखिएकाले आगामी दिनमा निरन्तरता दिदैँ थप प्रभावकारी बनाउने नीति लिईने छ।
- तोकिएको समयमा न्युन प्रगति गर्ने, सम्झौता बमोजिम काम नगर्ने, संघीय र प्रदेश सशर्त तथा समपुरक बजेटबाट गर्ने योजनाको काम नगरेको कारण बजेट फ्रिज गराउने ठेकेदारसँग ठेक्का सम्झौता तोड्ने, आवश्यक कानूनी कारवाही गर्ने र कालोसूचीमा राख्ने काम गरिनेछ ।

विद्युतीकरण तर्फः

- उज्यालो धार्मिक क्षेत्र धार्मिक क्षेत्रमा दिगो विद्युतीकरणमा जोड दिइनेछ।
- देवघाट गाउँपालिकाको विद्युतीकरण नभएका क्षेत्रहरुमा यथाशिघ्र विद्युतीकरणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- सडकको दायाँ बायाँतर्फ व्यवस्थित व्यवस्थित नभएका पोलहरु अनुगमन गरी व्यवस्थित गर्न पहल गरिनेछ।
- आँपटारी देवघाट विद्युत प्रशारण लाईनलाई जमिनमुनिबाट विद्युतिय तार ल्याउने कार्यमा पहल गरिनेछ।

घर नक्सा एवं शहरी सुन्दरता तर्फः

- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२ अनुसार घर नक्सा पास सम्वन्धी मापदण्डलाई थप प्रभावकारी रुपमा लागू गरिनेछ।
- पुरानो घरको अभिलेखीकरण गर्न घरधनीहरुलाई सु-सूचित गरी व्यवस्थित गरिनेछ।
- गाउँपालिकाको भवन संहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

ङ. वन, वातावरण तथा विपद् व्यवस्थापनः

वन तथा वातावरण तर्फः

- सामुदायिक वनबाट निकासी हुने काठको वातावरण शूल्क लगाई राजश्व संकलनमा प्रभावकारिता बढाईनेछ।
- नाङ्गो जमिनमा वृक्षारोपण गरी संरक्षण र सुरक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

विपद ब्यवस्थापन तर्फः

- आगलागी, डढेलो, बाढी, पहिरो नियन्त्रण लगायतका विपद् व्यवस्थापन गर्नका लागि स्थानीय जनता र सामुदायिक वनको सहभागिता वृद्धि गरिनेछ।
- विश्वव्यापी महामारीको रुपमा भविष्यमा आउन सक्ने विपद व्यवस्थापन गर्न सक्ने गरी विपद् व्यवस्थापन क्षमताको विकास गरिनेछ।
- विपद् व्यवस्थापन संयन्त्रको विकास, विपद सामाग्रीको भण्डारण लगायतको कार्य गर्न र महामारी रोगको सम्भावित थप जोखिम समेतलाई मध्यनजर गरी योग्य राहतग्राहीलाई राहत प्रदान गर्न विपद व्यवस्थापन कोषको वृद्धि गरिनेछ।
- प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिमपूर्ण क्षेत्रमा विपद ब्यवस्थापन पूर्व तयारी कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद्जन्य भू-क्षय रोकथामको लागि तार जाली खरीद गरी लागत सहभागिताका आधारमा भू-क्षय नियन्त्रणको कार्यलाई निरन्तरता दिइनेछ।

च. सुशासन तथा संस्थागत विकास र सेवा प्रवाह

- देवघाट गाउँपालिकाको संस्थागत विकासका लागि भौतिक पूर्वाधार स्रोत साधनयुक्त बनाइने छ।
- सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधियुक्त बनाई नागरिकहरुलाई प्रदान गरिने सेवा प्रवाह चुस्तदुरूस्त बनाइने छ।
- गाउँपालिका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाबाट सेवा प्रवाह हुने कार्यका आधारमा नागरिक वडा पत्रलाई प्रविधियुक्त बनाईने छ।
- जनप्रतिनिधिको शासकीय क्षमता अभिवृद्धिका लागि आवश्कताका आधारमा तालिम, अन्तरक्रिया तथा अध्ययन भ्रमण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाको समग्र सेवा प्रवाह र कार्यक्रमको उपलब्धीबारे नागरिकलाई सुसुचित गराउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण जस्ता कार्यलाई थप सुधार गरी कार्यान्वयन गरिनेछ ।
- देवघाट गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गराई समयानुकुल परिमार्जन गरी सांगठनिक संरचना वमोजिम कर्मचारी दरबन्दी कायम गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउन नागरिकहरुले सेवा प्राप्त गर्दा हुने झण्झट हटाई सेवाको लागत, समय र गुणस्तरमा सुधारका लागि कार्यक्रम ल्याइनेछ।
- कर्मचारीलाई व्यावसायिक, उत्प्रेरित र उच्च मनोबलयुक्त तुल्याउन विभिन्न तालिमहरुको आयोजना गरिनेछ। कर्मचारीहरुसंग गरिने कार्य सम्पादन सम्झौतालाई वस्तुनिष्ठ र मापनयोग्य बनाईनेछ।

- अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत तथा पिछडिएका वर्ग जाति तथा क्षेत्रको आर्थिक संस्कृति तथा सामाजिक विकासका लागि मागको आधारमा आवश्यक कार्यक्रम संञ्चालन गरिनेछ।
- दलित समुदायको उत्थानका लागि उनीहरुको ज्ञान, सीप र पेशालाई आधुनिकीकरण गरी रोजगारी तथा जीविकोपार्जन हुने कार्यक्रम संचालनमा ल्याइनेछ।
- स्थानीय शान्ति सुरक्षा कायम राख्न विसंगति, विकृतिका गतिविधि रोक्न एवं किशोर किशोरीहरुका लागि लागू औषधी दुर्व्यसनी न्युनीकरण र नियन्त्रण गर्न ईलाका प्रहरी कार्यालय, सामुदायिक प्रहरीको सहकार्यमा सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।
- नगर प्रहरी सेवा समयानुकुल बनाई राजश्व संकलन र स्थानीय सुरक्षा कायम राख्न नगर प्रहरी परिचालन, स्तरबृद्धि र पदोसोपान कार्यलाई अघि बढाइनेछ ।

न्यायिक निरूपण तर्फः

- न्यायिक समितिबाट मेलमिलापकर्ताहरुको माध्यमबाट न्याय निरुपण गर्ने लक्ष्य अनुरुप सबै वडामा मेलमिलाप कर्ताहरुलाई तालिम र उत्प्रेरणा दिई, सक्रिय बनाई मेलमिलापको माध्यमबाट स्थानीय स्तरमै वास्तविक धरातलीय न्याय जनसमक्ष पुर्याउने नीतिलाई निरन्तरता दिईनेछ।

गैर सरकारी संघ संस्था तथा अन्य संघसंस्था र निजी क्षेत्रः

- कुनै पनि गैससले गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पूर्व गाउँकार्यपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था मिलाइनेछ।
- विकासको साझेदारको रुपमा निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ। साथै उपयुक्त कार्यक्रममा गाउँपालिकाबाट लागत साझेदारी हुनेछ।
- गै.स.स. तथा अन्य संघ संस्थाहरुबाट लगनीको लागि प्राप्त प्रस्तावित कार्यक्रमहरुलाई आवश्यकता भए बमोजिम समन्वयात्मक रुपमा अगाडि बढाइनेछ।

टोल विकास संस्थाः

- सामाजिक विकास, व्यक्तिगत आचरणमा सकारात्मक परिवर्तन गर्न र आय आर्जन तथा सरसफाइको क्षेत्रमा समेत टोल विकास संस्थालाई परिचालन गरिनेछ।
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधारको क्षेत्रमा टोल विकास संस्थाको उचित परिचालन गरिनेछ
- टोल विकास संस्थालाई सशक्त बनाउन मौजुदा टोल विकास संस्थाहरुलाई क्षमता विकासका कार्यक्रम ल्याइनेछ।

प्रशासनिक कार्यप्रक्रिया, जवाफदेहीता तथा अनुगमन:

- सुशासन, जवाफदेहिता, प्रशासनिक कुशलता, वित्तीय प्रभावकारिता तथा पारदर्शिताका लागि आवधिक योजना, माध्यकालिन खर्च संरचना तथा वार्षिक बजेट अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक अनुशासन पालना गर्दै बेरूजु न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- भौतिक तथा प्रगति प्रतिवेदन सूचना प्रविधिमा आधारित रही मासिक, चौमासिक रुपमा सार्वजनीकीकरण गरिनेछ । उपभोक्ता समितिको पर्याप्त लागत सहभागिता रहने र यसलाई मर्मत सम्भारको जिम्मा लिएका आयोजनामा वाहेक अन्य विकास आयोजनहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको प्रक्रिया मार्फत कार्यान्वयन गरिनेछ । गाउँपालिकाबाट विभिन्न योजना तथा कार्यक्रम सम्बन्धी हुने ठेक्का पट्टा कार्यलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।
- वार्षिक खरीद योजना र खरीद गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- आन्तरिक राजश्व अभिबृद्धिका लागि राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- पालिका अन्तर्गत संचालन हुने सबै योजनाहरुको अनुगमन, आयोजना सूचना पाटी तथा आयोजनाको सामाजिक परीक्षण गर्ने कार्यलाई जोड दिइनेछ ।
- उपभोक्ता समितिलाई योजना संचालन सम्वन्धी तालिम, सम्झौता, गुणस्तर, अनुगमन, कार्यसम्पन्न, मुल्यांकन तथा भुक्तानी प्रक्रियालाई छिटो, छरितो र पारदर्शी बनाउनका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका विभिन्न वडा कार्यालय, शिक्षण संस्था र स्वास्थ्य संस्थाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

प्रोत्साहन, पुरस्कार र दण्ड जरिवाना :

- गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य संम्पादन मुल्यांकनका आधारमा उत्कृष्ट ठहरिएका कर्मचारीहरुलाई सम्मान, प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।
- कानूनको सीमा भन्दा बाहिर गएर काम गर्ने, नैतिक मूल्य मान्यता विपरीत गलत कार्य गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ । साथै यस्ता कार्यमा संलग्न जो सुकै व्यक्तिलाई प्रचलित कानून वमोजिम दण्ड जरीवाना गर्नका लागि सम्वन्धित निकायसंग समन्वय र सहकार्य गारिने छ ।

आन्तरिक सुरक्षा

- गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने नागरिकको शान्ति सुरक्षा कायम राख्न तथा सार्वजनिक सम्पतिको संरक्षण राजश्व चुहावट नियन्त्रणका लागि सुरक्षा निकायसंग समन्वय गरी इलाका प्रहरी कार्यालय सामुदायिक प्रहरी सेवा, नगर प्रहरी सेवालाई थप प्रभावकारी बनाईने छ।
- इलाका प्रहरी कार्यालय देवघाट, अस्थायी प्रहरी चौकी खाल्टेलाई पूर्ण दरबन्दी र स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ । साथै देवघाट-३ छिपछिपेमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि सम्वन्धित निकाय संग पहल गरिनेछ।

जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि आचारसंहिता

- गाउँ सभाबाट पारित नीति, कार्यक्रम तथा बजेटको विरुद्धमा बोल्न, लेख्न तथा समाचार प्रकाशन गर्न पाइने छैन।
- जनप्रतिनिधि र कर्मचारीले तोकिएको आचारसंहिता पालन गर्नुपर्ने छ।

सूचना प्रविधि, अभिलेख तथा तथ्यांक तर्फ

- देवघाट गाउँपालिका अन्तर्गतका कार्यालयहरुलाई पूर्ण रुपमा सूचना तथा प्रविधिमैत्री बनाईनेछ
- देवघाट गाउँपालिका अन्तर्गत रहेका सबै शाखाहरु सूचना प्रविधियुक्त बनाई नियमित रुपमा कार्यालयको कामकाज विद्युतीय माध्यमबाट संचालन गरी त्रैमासिक रुपमा प्रविधि व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्यलाई अगाडि बढाईनेछ।
- देवघाट गाउँपालिका नियमित रुपमा संचालन भईरहेका गाउँपालिका स्तरीय पोर्टलहरु, मेलहरु तथा विविध सामाजिक संजालहरु अद्यावधिक गरी आवश्यक नयाँ संचारका माध्यमहरु संचालन गरिनेछन।
- देवघाट गाउँपालिका अन्तर्गतका मूख्य तथा आवश्यक शाखा/इकाईहरुमा अतिरक्त सफ्टवेयर/पोर्टल निर्माण/खरिद गरी शाखा/इकाईगत गरिने तथा कृषि क्षेत्रलाई प्रविधिमैत्रि बनाई "**कृषि सँगसँगै प्रविधि**" कार्यक्रमको व्यवस्था गरिनेछ।
- देवघाट गाउँपालिका अन्तर्गतका शाखा/इकाईहरुबाट सेवाग्राहीहरुलाई प्रदान गरिने निश्चित समूहका सेवा प्रवाहहरुलाई अनलाईन मार्फत उपलब्ध हुने व्यवस्था मिलाईने छ।
- देवघाट गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा शिक्षक/विद्यार्थीहरुलाई IT सम्बन्धी तालिम प्रदान गर्न प्राथमिकता दिइनेछ।

- देवघाट गाउँपालिकाको सबै वडामा फाईबरयुक्त ईन्टरनेट पहुँचको सुनिश्चितता गरिनेछ।

गाउँपालिका गौरवका योजनाः

जन-अपेक्षा तथा आवश्यकता, भौगोलिक बनावट, योजनाको प्राथमिकता, गाउँपालिकाको श्रोत साधन, आर्थिक, सामाजिक, पर्यटकीय सम्भावना लगायतका दृष्टिकोणले महत्वपूर्ण मानिएका योजनाहरुलाई गाउँपालिकाका गौरवका योजनाको रुपमा लिइएको छ। जसलाई उपलब्ध श्रोत साधनको आधारमा बहुवर्षिय योजनाको रुपमा क्रमशः श्रोत साधनको व्यवस्था गरी सम्पन्न गरिनेछ।

गौरवका आयोजनाहरू

- घण्टाचुली भ्यू टावर पर्यटकीय स्थल देवघाट - १ र २, देवघाट धार्मिक पर्यटन पथ र ढासढुंगा वेणी संगम पद मार्ग
- ऐतिहासिक प्याउलीगढी, देवघाट - ४ डुँडे
- देवघाट-साउने, कर्ताप सडक, देवघाट - ४ र ५
- गाईघाट, काफलडाँडा छिपछिपे सानुभञ्ज्याङ्ग सडक, देवघाट - ४, १, ३ र २
- सुन्तला पकेट क्षेत्र, देवघाट- ३
- खाल्टे-मास्दीघाट सडक, देवघाट - २
- क्वादी खानेपानी योजना
- कोटा खेलकुद मैदान
- खाल्टे संगशाला
- कक्षा १ देखि १२ संचालन भएका विद्यालय
- देवघाट-४ नर्सरी स्थापना
- मधुचन्द्र कवर्ड हल देवघाट- ५ घिनाटार
- जनजाति संग्रहालय देवघाट- ४ कर्ताप
- धार्मिक पर्यटन पदमार्ग देवघाट- ५

धन्यवाद